# देवाही गोनाही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प्रेमपुर गोनाही , रौतहट
प्रदेश नं. २ नेपाल

पत्र संख्या :- ०७८/७९

चलानी नं. :-

मिति :- २०७८/११/०२

सूचना।

सूचना।

सूचना।।।

न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने बारेको सूचना।

रोजगारीको हक सम्बन्धी ऐन,२०७५ को दफा ११,रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा १८ बमोजिम आ.व.२०७८/७९ मा न्यून आय भएका वा स्वरोजगार समेत नरहेका १८ वर्ष देखि ५९ वर्ष उमेर समूहका बेरोजगार नागरिकहरुले २०७८ फागुन मसान्त सम्म आ.व. २०७९/०८० को लागि आफू स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सुचिकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक न्यूनतम मापदण्ड

१.निवेदक १८ वर्ष पूरा भई ५९ वर्ष ननाघेको।
२. निवेदकको नागरिकताको फोटोकपी।
३.परिवारका सबै सदस्यको नागरिकता /जन्म दर्ताको फोटोकपी।
४.हालसालै खिचेको पासपोर्ट साइजको फोटो एक थान।
५.सम्बन्धित वडाको स्थाई वासिन्दा /अन्यत्रबाट बसाई सराई गरी आएमा बसाई सराई प्रमाण पत्र।
६.वार्षिक आम्दानी ५७,७००/- भन्दा कम भएको परिवार।
७.वैदेशिक रोजगार बाट फर्किएको वा श्रम स्विकृति लिई वैदेशिक रोजगारमा जना नपाएको भए पासपोर्ट नुम्बर।
८.पूर्ण विवरण सहित रित पुर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन इक्छुक भएको।

बेरोजगार छनौट प्रक्रियाको प्राथमिकताक्रम निर्धारणक आधार

१.कृषि उत्पादनले ३ महिना खाना नपुग्ने परिवार।
२.बसोबासका लागि आफ्नै घर नभएका परिवार।
३.एकल महिला घरमुली भएका परिवार।
४.दलित, अल्पसंख्यक, लोपउन्मुख समुदायको परिवार।
५.कोहि पनि सदस्य स्वरोजगार नभएको वा सामाजिक सुरक्षा लगायत सरकारी कोषबाट सुविधा नलिएको परिवार।
६.सहिद तथा वेपत्ता परिवार।
७.महिला बेरोजगार व्यक्ति।
८.वैदेशिक रोजगारबाट फर्किएको वा श्रम स्विकृति लिई वैदेशिक रोजगारमा जान नपाएका व्यक्ति।

नोट : विवरण नपुगेका फारमहरू अस्वीकृत हुनका साथै समय अवधिमा फारम भर्न छुट हुन गएमा २०७८/७९ का लागि उपलब्ध हुने काममा समावेश गराउन नसकिने सबैमा जानकारी गरईन्छ।